मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, नेपाल

# विशेष सतर्कता अपनाउन प्रदेशवासीलाई हार्दिक अनुरोध

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग (मौसम पूर्वानुमान महाशाखा)को पूर्वानुमान अनुसार नै कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा भारी वर्षा भइरहेको छ।

विभागको विश्लेषण अनुसार आगामी असोज २० गतेसम्म बागमती प्रदेश भित्रका ठूला नदीनालाहरू लगायत अन्य प्रदेश हुँदै बागमती प्रदेश तर्फ बहने ठूला तथा तिनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र खतरा तह आसपास पुग्न सक्ने उच्च जोखिम रहेको छ। साथै, यस प्रदेशका महाभारत, चुरे भई बहने स-साना नदीनालाहरूमा आकस्मिक बहावको सम्भावना रहेको, पहिरो जान सक्ने, डुबान हुन सक्नेसम्मको उच्च सम्भावना रहेको छ।

त्यसैले आसन्न विपद्को यस घडीमा विशेष सतर्कता अपनाउन, अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन, आफ्नो बसोबासको क्षेत्र वरपर हुनसक्ने जोखिमबाट सतर्क रहन, लामो यात्रा नगर्न सम्पूर्ण प्रदेशवासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक अनुरोध गर्दछु।

अत्यावश्यक अवस्थामा सम्बन्धित स्थानीय तह तथा प्रदेश सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखाको विपद् फोकल पर्सनलाई ९८५१२५३६२६ मा सम्पर्क गरी तथा सुरक्षाका अन्य सबै निकायहरूमा तत्काल जानकारी गराउन अनुरोध गर्दछु।

जनधनको क्षति हुन नदिन तथा सम्भावित जोखिमलाई कम गर्न पूर्व तयारी गरिएको छ र प्रदेश सरकार प्रमुखको हैसियतले उद्धार तथा राहतका लागि आवश्यक सुरक्षा लगायतका प्रबन्ध गर्न निर्देशन दिइसकिएको छ।
धन्यवाद। जय नेपाल।

विक्रम सम्वत् २०८२ भाद्र, १८ गते
नेपाल सम्वत् ११४५ कौलाथ्व, द्वादशी

इन्द्रबहादुर बानियाँ
मुख्यमन्त्री